

भास्कर गौतम

# सत्ता स्वार्थको गठजोड

स्थानीय तहको चुनाव सकिनासाथ एमाले, माओवादी केन्द्र र नयाँशक्तिले 'वाम वामसँगै जाम्'को अभियान थालेका छन्। तालमेल र पार्टी एकताको महत्त्वकांक्षी उद्घोषले कस्तो गति समात्छ र त्यो कति दिगो हुन्छ समयले बताउनेछ। हाललाई यो अभियान संघ र प्रदेशमा हुने चुनावी तालमेलमै केन्द्रित हुने भएकोले चुनावपछिको यात्रा त्यसैअनुरूप निर्दिष्ट हुनेछ। तीन दलबीचको सहमतिपत्रमा 'समृद्ध, समुन्नत एवं न्यायपूर्ण समाज निर्माण गर्दै समाजवादका आधारहरू तयार गर्ने साझा निष्कर्षमा आइपुगेको' मजबुन छ। यस्तो बाचा पढिरहँदा यी तीनै दलले आफूले नगर्ने विषयमा समेत लेप लगाएझैं लाग्छ।

वाम तालमेल र एकता अभियानको शुरुवातबारे तीनै दलका शीर्षस्थ नेतासँग बनिबनाऊ उत्तर छ। केपी ओलीले एकता घोषणामा धेरै कुरा भने पनि उनको मूल सन्देश चुनावपछि कम्युनिस्टहरूले 'दुई तिहाइ बहुमतसहितको सरकार' सजिलै बनाउनेछन् भन्ने हो। अर्थात् यो अभियान सत्ताको खेललाई ध्यानमा राखेर गरिएको छ र बहुमतसहित सरकार गठन गर्नु अबको आवश्यकता हो।

पुष्पकमल दाहालले एमालेसँगको सहमतिलाई 'ऐतिहासिक आवश्यकताबाट निर्देशित क्रमभंगता' भनेका छन्। उनले नयाँ मोडलको समाजवादको स्थापनालाई ऐतिहासिक आवश्यकता ठह्याए। तर शान्ति सम्झौतायताको एक दशकमा दाहालले जहिले जहिले क्रमभंग गरे, प्रत्येक पटक उनले सत्ताको भासमा धस्ने नयाँ संस्करण रच्दै गए।

नयाँ नेपाल निर्माणको यात्रा यस्तो क्रमभंग बन्यो कि त्यो माओवादी केन्द्रको लागि थान्को लागिसक्यो। अब नयाँ मोडलको समाजवादमा नेताहरूबीचको सामूहिक भोग र लुटले बिछट्टै उचाइ हासिल गर्ने अनुमान उनका निकटतम्हरूले गरेका छन्। बाबुराम भट्टराईले यो अभियानले 'राष्ट्रिय एकतासहित आर्थिक सामाजिक रूपान्तरण गर्दै मुलुकलाई समाजवादमा पुऱ्याउने अभिभारा' लिएको बताए। उनको नयाँ शिराबाट पार्टी गठन गर्ने अभियान अन्ततः एमालेमा पुगेपछि समाजवादको अभिभारा पुँजीवादीहरूको जिम्मा पुग्ने सम्भावना प्रबल छ।



## अनपेक्षित होइन, अचानक

यो तालमेल र एकता अनपेक्षित होइन, अचानक हो। नेपालमा पार्टीहरूबीचको गठन र विघटन नौलो कुरा होइन। त्यसमा पनि कम्युनिस्ट पार्टीका नेताहरूमा कुरा भने सामूहिक सहकार्यको व्यवहार भने आ-आफ्नो ताउलो बसाल्ने खालको छ। शान्तिप्रक्रियामा प्रवेश गर्ने बित्तिकै पनि कम्युनिस्ट पार्टीहरूलाई समेटेर लाने चाहना प्रचण्डले गरेका थिए। समयले त्यसलाई कहीं पुऱ्याएन। अहिले ओली र प्रचण्डले यसलाई तुलनात्मक रूपमा विश्वनीय तरिकाले प्रस्तुत गरेका छन्। त्यसलै एकथरी कांग्रेसीहरूले यसलाई अनपेक्षित भनिरहँदा अर्काथरी लोकतन्त्रवादीहरू बृहत गठबन्धन बनाउने सोच्न थालिसके। त्यसैले वाम गठबन्धनको आह्वानले नेपाली राजनीतिमा ठूलै तरंग र दलीय धुव्रीकरण ल्याउने सम्भावना प्रबल छ।

भनिन्छ, विगत डेढ महिनादेखि एमाले र माओवादी केन्द्रबीच यस्तो प्रयास भइरहेको थियो। अर्थात् तेस्रो चरणको स्थानीय चुनावमा तालमेल गर्ने कोशिस गरिएको थियो, जसले तत्कालीन परिवेशमा मूर्तरूप लिन सकेन। बरु सिद्धान्ततः सत्ता साझेदार कांग्रेस र माओवादी केन्द्रबीच त्यस्तो सहमति भए पनि त्यसले व्यावहारिक रूप धारण गरेन। त्यसैले प्रचण्डले मधेशका धेरै शहरमा शेरबहादुर देउवाको नेतृत्व र कांग्रेसी दम्भमाथि व्यंग्य गर्दै भाषण दिए। यही समयमा देउवाले सत्ताको आन्तरिक भोगचलनबाट माओवादीलाई बाहिर राख्ने अनवरत प्रयासले पनि प्रचण्डलाई बाहिर धकेलिरह्यो। एमाले त यसै पनि सत्ताबाट बाहिर छ। त्यसैले कांग्रेस माओवादीबीचको गठबन्धन यथावथ रहे आमचुनावपछि पनि सत्ताबाट बाहिरिने संन्त्रासले एमालेलाई सताइरहेको छ। एमालेको पहलमा अघि बढेको नयाँ तालमेल सत्ता गठबन्धनलाई भत्काउँदै नयाँ ध्रुवीकरण सिर्जना गर्ने अलि उच्च प्रयास हो।

## नयाँ के छ ?

सतहमा हेर्दा माओवादी केन्द्र र नयाँशक्तिले सूर्य चिह्नमा चुनाव लड्न तयार हुनु नौलो कुरा हो। अर्थात् सामान्य तालमेलमा मात्र कुरा सीमित छैन। तालमेल र एकताको घोषणामा केही गाम्भीर्य छ। थुप्रै आन्तरिक सहमतिहरू पनि होलान्, जुन समयसँगै सार्वजनिक हुनेछ।

> यो तालमेल मूलतः राष्ट्रिय राजनीतिमा आफ्नो वर्चश्व टिकाउने तयारी हो। यसले कालान्तरमा संघीय संरचनालाई नजरअन्दाज गर्छ।

वाम एकताको प्रयास पुरानै हो। नेपालमा एउटा मात्रै कम्युनिस्ट पार्टी हुँदा राम्रो भन्ने मान्यताबाट निर्दिष्ट यस्तो पहल वेलावेला राजनीतिको सतहमा आउने गर्छ। तर यस पटकको वाम तालमेल र एकता किन अचानक भयो ? यस्तो हतारोको एउटा पाटोमा चीनको सद्भाव रहेको अनुमान गरिन्छ। सद्भावस्वरूप चीनले वाम गठबन्धनसहितको राजनीतिक स्थायित्व चाहेको नेपाल गणतन्त्रमा प्रवेश गरेसँगै हो। चीनले तिब्बतलाई लिएयता उसको स्थायी सम्बन्ध दरबारसँग थियो। गणतन्त्रको घोषणासँगै त्यो सम्बन्धले वैधता गुमायो। शुरुमा चिनियाँ अधिकारीले माओवादीलाई उदाउँदो शक्तिको रूपमा हेरेका थिए। समयक्रमसँग त्यो गलत साबित भयो। त्यसैले वामहरूबीच मेल भएमा बहुमतको सरकार बन्ने र प्रकारान्तरले स्थायित्व पनि हुन सक्ने बुझाइले घर बनाउँदै थियो। विगत ६ वर्षयता चिनियाँ उपप्रधानमन्त्री वाङ् याङ् नेपाल आउने उच्चपदस्थ अधिकारी हुन्। पहिले पहिलेभन्दा फरक यस पटक चीनले सरकारी ओहदाका अधिकारीभन्दा बाहिर दलका नेताहरूलाई बेग्लाबेग्लै भेट्यो। औपचारिक रूपमा चीनले नेपालसँग गरेका तीन वटै सम्झौतामा नेपाललाई लगानीमैत्री बनाउन उच्चस्तरको प्राविधि सहयोग र आर्थिक सहायता गर्ने जोड छ। तर सद्भावसहित चीनले केही समयदेखि भन्दै आएको राजनीतिक स्थायित्वमा प्राथमिकता दियो। झट्ट हेर्दा वामपन्थीहरू एकै ठाउँमा आए भने सत्ताको स्थायित्व हासिल गर्न सकिन्छ जस्तो लाग्नु कम्युनिस्ट नेताहरूका लागि स्वभाविक रह्यो। राजनीति त्यही प्रक्रियामा अघि बढ्यो।

सत्तासम्बन्धमा स्थायित्व प्राप्त गर्नु यो तालमेलको प्रमुख उद्देश्य हो। यसो गर्न सत्ताबारेमा त सोच्नै पऱ्यो। साथै त्यस्ता प्रतिस्पर्धीबारे पनि हो, जो सत्तासम्बन्धका प्रत्यासी हुन्। त्यसैले तालमेल अनि एकताको प्रस्तावित अभियान सत्ताकेन्द्रित छ। तर भाषामा लेप लगाएर शीर्षस्थ नेताहरूले यसलाई समाजवादउन्मुख ऐतिहासिक कदम भन्नु उनीहरूद्वारा रचित बाध्यता हो। अन्यथा कम्युनिस्ट पार्टी नै कसरी भन्ने आफूलाई।

सत्तास्वार्थका लागि नेपाली राजनीतिमा जुनै पनि दलले अरू कुनै पनि दलसँग गठबन्धन गर्छन्। यस्ता दृष्टान्त विगतका वर्षहरूमा धेरै देखिए। एमाले त झन् विभिन्न खाले सत्तासाझेदारीको अग्रदस्तामा रह्यो। २०५१ सालयता एमाले धेरै गठबन्धनमा सरकारको साझेदार बन्यो। हुँदाहुँदै प्रजातान्त्रिक व्यवस्थाविरोधी ज्ञानेन्द्रीय कालमा समेत 'प्रतिगमन आंशिक सच्चियो' भन्दै सरकारबाट बाहिरिन चाहेन। भूकम्प र भारतीय नाकाबन्दीको समयमा ओलीलाई लागेको थियो, आन्तरिक रूपमा आफ्नो दलको सहयोग, माओवादी केन्द्रसँगको समर्थन तथा बाह्य रूपमा चीनको ढाडसले लामै समय सत्तामा टिक्न सकिन्छ। तर गोप्य सहमतिलाई ओलीले तिलाञ्जली दिएपछि प्रतिक्रियामा दाहालले देउवासँग हात बढाए। दाहाल आफैं सत्तामा उक्लिए।

ओलीको यस पटकको सत्तास्वार्थको गठजोड बेग्लै छ। स्थानीय चुनावपूर्व ओलीको नेतृत्वमा एमालेलाई लागेको थियो राष्ट्रियताको लहर उसको पोल्टामा जानेछ। चुनावपछि एमाले ठूलै अन्तरले पहिलो पार्टी हुनेछ। नतिजा भने बेग्लै आयो। एमाले पहिलो दल त बन्यो तर माओवादी केन्द्र तेस्रो सशक्त दल भयो। मधेशमा संघीय समाजवादी फोरम र राजपाले राम्रै बाजी मारे र आपसी तालमेल रहेमा प्रदेश २ को प्रमुख शक्ति हुने भए। अर्थात् आसन्न प्रदेश र संघको चुनावमा कांग्रेस-माओवादी केन्द्र र सम्भवतः राजपाको चुनावी तालमेल नरोके सत्ताको ढोका लामै समयका लागि बन्द हुने सम्भावना एमालेले देख्यो। यस्तो सम्भावनालाई रोक्न माओवादीलाई कांग्रेसबाट अलग्याउन अति आवश्यक थियो। ओलीले त्यही प्रयत्न गरे। सफल पनि भए।

ओलीका लागि माओवादीलाई एमालेमा समाविष्ट गराउनु ठूलो जोखिम हो। तर यो जोखिम सत्तामोहबाट निर्दिष्ट भएकाले यसमा ठूलो हानि छैन। केही माओवादीले यसलाई माओवादी केन्द्रको एमालेमा विलय भएको

संज्ञा दिए पनि राजनीतिक चरित्रका हिसाबले ओलीजस्तै दाहाल पनि सत्तास्वार्थभन्दा बाहिर लामो समयका लागि भर गर्न सक्ने नेता होइनन्। त्यसैले एकताको प्रक्रिया अघि बढ्ने वा नबढ्ने कुराको मानक आसन्न संघ र प्रदेशको चुनावमा छर्लंग हुन्छ। अहिलेलाई एमालेले आंशिक सफलता हात पारेको छ। सूर्य चिह्नमा अन्य नेताहरूले सहमति जनाएको चर्चा ठूलै उपलब्धि हो। यसको आशय प्रारम्भिक चरणमा ओलीको नेतृत्व महत्त्वपूर्ण हुने प्रस्ट छ। लामो दूरीमा ओलीले लिएको चुनौती एउटा अर्को विश्वासमा टिकेको हुनुपर्छ। एमालेको विद्यमान सामाजिक जग मध्यमवर्गीय पहाडी बासिन्दा हुन्। यदि आगामी चुनावपछि माओवादी-केन्द्र एकता प्रक्रियामा समाविष्ट भएमा सबैलाई मध्यमवर्गीयले नेतृत्व गर्नेछन् र कालान्तरमा एमालेको संरचना नै हाबी हुनेछ।

विगत एक दशकमा दाहालको मूलतः तीनटा रूप देखिएको छ। पहिलो, राजनीतिक अवसरवाद। हालको तालमेल अनि गठबन्धन राजनीतिक अवसरवादको उच्चतम् रूप हो। भट्ट हेर्दा विपक्षीसँग मिल्नुमा केको अवसर छ जस्तो देखिन्छ। तर ६०-४० को आँकडामा चुनावमा एमालेसँग तालमेल गर्ने सहमतिले आगामी चुनावपछि माओवादी केन्द्रलाई कमजोर होइन, शक्तिशाली नै बनाउँछ। दोस्रो, माओवादीले शनैःशनैः सशस्त्र संघर्षताका उठाएका सामाजिक न्याय र आर्थिक-सामाजिक रूपान्तरणका सवालहरूलाई त्यागी सक्यो। दाहालको राजनीतिक अवसरवादकै परिणति माओवादीभित्र रूपान्तरणका ठूला सपना देख्ने जुझारुहरू मलेसिया र अरबमा पुँजीवादी संरचनाका शिकार बनेका छन्। एकातर्फ परिवर्तनमुखी आफ्ना राजनीतिक मुद्दाहरू छाडेको र अर्कोतर्फ आफ्नो वर्गीय धरातल गुमाउँदै गएको माओवादी-केन्द्रका लागि कांग्रेस वा एमालेसँगको तालमेल सत्तामुखी राजनीतिको बाध्यता बनेको छ। तेस्रो, पछिल्लो पटक प्रधानमन्त्रीबाट राजीनामा दिँदा दाहालले आफू संसदीय राजनीतिमा भिन्न नेता हुने छाप छोडेका थिए। उनले उठाएको यो जोखिम त्यही महत्त्वाकांक्षी संकेतको पछिल्लो कडी हो। अर्थात् चुनावी तालमेल र एकताको प्रक्रियाले बाटो समाएमा नेतृत्वदायी छविलाई दाहालले थप विस्तार गर्ने छन्। त्यसको लागि मध्यमवर्गीय जमातको प्रमुख नेता हुने कसरत जारी रहनेछ। समग्रमा अवसरवादको उच्चतम् रूपलाई संस्थागत गर्दै सत्तामुखी राजनीतिको केन्द्रमा रहने दिशामा दाहाल कटिबद्ध रहने छन्।

> केपी ओलीको दुई तिहाइ बहुमत ल्याएर सरकार बनाउने चाहना मूलतः स्थायी सत्ताको रक्षा गर्ने अभिलाषाबाट प्रेरित छ। अहिले राजनीतिक सन्दर्भ यही हो।

## अबको चुनौती

साझा समझदारीपत्र सार्वजनिक गर्दा तीनै नेताले औँल्याएझैँ बडेमानको व्यवहारिक चुनौती आगामी दिनहरूमा आउनेछन्। पहिलो, विभिन्न तहतप्काबाट एमाले र माओवादी-केन्द्रको तालमेल र एकताको विरोध हुनेछ। तर विरोध गर्ने अधिकांश नेताहरू उम्मेदवार र पदको आकांक्षी भएकाले आसन्न चुनावमा विरोधका स्वरहरूमध्ये केही टिकट पाउनासाथ मत्थर हुनेछन्। जो मत्थर हुँदैनन् तिनीहरू तत्काललाई किनारामा पुग्नेछन्। दोस्रो, यो अभियान तालमेलको क्रमभन्दा अघि बढेमा पार्टी संगठनभित्रको भागवण्डा बडेमानको चुनौती हुनेछ। कसले कसको नेतृत्व स्वीकार्ने, को कुन पदमा जाने भन्ने कठिनाइले एकता प्रक्रियालाई लम्ब्याउने वा अवरुद्ध गर्ने सम्भावना ठूलै छ। तेस्रो, एकता भएको खण्डमा नयाँ संगठनको आयु कति लामो हुन्छ भन्ने प्रश्न सबैभन्दा अहम् प्रश्न हो। तर उत्तर सहज छैन।

सर्वविदितै छ, मानवीय व्यवहार खास दृष्टिकोण र अर्धचेतन मनस्थितिबाट निर्धारित हुन्छ। नेपाली राजनीतिमा हाल लुट र भोग हाबी छ। नेताहरूमा विलासी जीवनशैलीतर्फका मोह, सत्तास्वार्थका लागि आत्मसमर्पण र व्यक्ति-केन्द्रित राजनीति संस्थागत भइसकेको छ। चुनावमा हुनेखानेले लड्ने, त्याग र बलिदान गरेका नेताहरू हेरेको हेरै हुने परिस्थितिले घर बनाइसक्यो। अर्थात् सिद्धान्त र मूल्यमान्यताको राजनीतिको अवसान भइरहेको छ। मूल्यमान्यताविहीन राजनीतिमा व्यवहार सहज भए पनि दिगो नहुन सक्छ।

संघीयताको सकसले मूलतः एमालेलाई धेरै गाँजेको छ। यस्तो सकसबाट माओवादी केन्द्रको ठूलो तप्का अछुतो छैन। त्यसैले केन्द्रीय सत्तासम्बन्ध टिकाइराख्ने चासो दीर्घकालीन स्वार्थ हो। हालको तालमेलले केन्द्रीकृत सत्तासम्बन्धको रक्षा गर्ने अग्रतामा एमालेलाई राखेको छ। माओवादी-केन्द्र यस प्रक्रियामा प्रमुख सारथि हुनेछ। यो तालमेल मूलतः राष्ट्रिय राजनीतिमा आफ्नो वर्चश्व टिकाउने तयारी हो। यसले कालान्तरमा संघीय संरचनालाई नजरअन्दाज गर्छ। इतिहास साक्षी छ, राष्ट्रियताको खोक्रो र अमूर्त नाराले आमजनतालाई हिजोभन्दा बढी पराश्रित र गरिब बनाएको छ। यसको लागि धेरै पछि फर्किनु पर्दैन। भूकम्पपछिको पुनर्निर्माणमा देखिएको राजनीतिक खिचातानी र बाढीपछि देखिएको राजनीतिक अकर्मण्यतालाई सम्झे पुग्छ।

एमाले स्थायी सत्ताको प्रतीक हो। प्रभाव र पहुँचको मानकमा यो यथार्थ नभए पनि सोच र चरित्रको दृष्टिमा वास्तविकता यही हो। एकातर्फ पञ्चायतकालीन राष्ट्रियताको जगेर्ना गर्नु र विदेशी सहयोगमा आर्थिक-सामाजिक परिवर्तनका ठूला नारा लगाउनु एमालेको जनाधार हो। अर्कोतर्फ सबैलाई समेटेर लाने आह्वान गर्नु तर पहाडी ब्राह्मणवाद स्वार्थरक्षा संस्थागत गर्नु एमालेको गहना हो। तर केन्द्रीय सत्ताको संरक्षण र सम्बर्द्धनबाट मात्र यी सब सम्भव भएकाले एमालेले वाम एकताको नाममा स्थायी सत्ताको रक्षाका लागि राष्ट्रिय वर्चश्वको तयारी गर्दैछ। दाहालले औँल्याएको नयाँ मोडलको समाजवादले यिनै स्वार्थसम्बन्धको रक्षा गर्नेछ। केपी ओलीको दुई तिहाइ बहुमत ल्याएर सरकार बनाउने चाहना मूलतः स्थायी सत्ताको रक्षा गर्ने अभिलाषाबाट प्रेरित छ। अहिले राजनीतिक सन्दर्भ यही हो। अन्यथा एमाले संघीयतासम्बन्धी थाती रहेका विषयहरूलाई सुल्झाउने र संविधानले निर्दिष्ट गरेअनुसार संघीय ऐन कानुन बनाउने प्रक्रियालाई गति दिन हातेमालो गर्थ्यो। त्यसको गति मन्द छ।

यदि तालमेल र एकताको यो प्रक्रिया एक वा अर्को तरिकाले अघि बढे नेपाली समाजमा विद्यमान परिवर्तनकामी सवालहरू लामो समयका लागि ओझेलमा पर्नेछन्। ती यसै पनि कमजोर अवस्थामा छन्। त्यसैले परिवर्तनका पक्षका छरिएकाहरू विभिन्न तह-तप्का, समुदाय र क्षेत्रबाट बुलन्द हुनुपर्छ। ती आवाजहरूले नयाँ किसिमका सामूहिक पहललाई पहिल्याउने कार्यमा मात्रै रचनात्मक राजनीतिका स-साना झिल्काहरू जीवित राख्ने छन्। ●

*गौतमले नेपाली कम्युनिस्ट आन्दोलनमाथि क्योटो युनिभर्सिटीबाट विद्यावारिधि गरेका छन्।*